लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

बुटवल, रुपन्देही, नेपाल

## प्रस्तावना आव्हानको सूचना

## सूचना नं. ४-०८२/०८३

(प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०९/०१)

आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ***तपसिलका कार्यक्रममा*** सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८२/०९/२१ गते सम्म) यस निर्देशनालय वा मातहतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट https://dolfd.lumbini.gov.np/ वा मातहतका कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि निर्देशनालयको सम्पर्क नम्बर ०७१-४३८५९६ वा सूचना अधिकारी ९८५११४४५१७ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

## तपसिल

**कार्यक्रमको नाम: १. गौशाला व्यवस्थापन (आहारा, औषधी)**

| सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|
| • उन्नत घाँसको बीउ / बेर्ना खरिद तथा उत्पादन<br>• साइलेज उत्पादनका लागि यन्त्र उपकरण तथा भौतिक पूर्वाधार व्यवस्थापन<br>• दाना बनाउने मेसिन उपकरण खरिद<br>• पराल, भुसा, साईलेज, दाना खरिद<br>• औषधी खरिद (बाह्य तथा आन्तरिक परजीवी नियन्त्रणका लागि) । | • संस्थागत रूपमा स्थानीय स्तरमा सामुदायिक पशुहरूको उद्दार तथा संरक्षण गर्ने वा पशु कल्याणसँग सम्बन्धित संघसंस्थाहरूबाट सञ्चालन भएका गौशालामा कम्तीमा १०० गाईगोरु संरक्षण गरेको हुनु पर्ने र कम्तीमा २०० गाईगोरु संरक्षण गर्न क्षमता विस्तार गर्न सक्ने सम्भावना भएको,<br>• स्थानीय तहले गौशाला सञ्चालनका लागि स्थान पहिचान गरेको र जग्गा भोगचलन गर्न अनुमति दिएको हुनुपर्ने,<br>• गाईको लागि खानेपानी, चरन, घाँसखेतीको लागि उपयुक्त जग्गा हुनुपर्ने। | • लुम्बिनी प्रदेश भर | स्थानीय तह / नाफा मुलक निजी संघ संस्था / गैर नाफा मुलक सामाजिक संघ संस्था, मन्दिर व्यवस्थापन, महन्त/ जोगीहरू/ पशु कल्याणसँग सम्बन्धित संघ संस्थाहरू | अधिकतम रु. एक लाख साठी हजार मात्र |

**कार्यक्रमको नाम: २. पशुपन्छी/मत्स्य बजारीकरण प्रवर्द्धन कार्यक्रम**

| सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|
| संकलन केन्द्र निर्माण स्तरोन्नती | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी/कृषि बजार समिति मार्फत कार्यक्रम संचालन गर्ने, संकलन केन्द्र | • लुम्बिनी प्रदेश भर | फर्म/कम्पनी/ कृषक समूह/ कृषि | संकलन केन्द्र निर्माण र स्तरोन्नतीमा अधिकतम ७५ प्रतिशत तथा मेसिनरी |

महानिर्देशक

| | | | | |
|---|---|---|---|---|
| मेसिनरी औजार तथा उपकरण खरिद तथा व्यवस्थापन<br>• विविधिकरण तथा बजारीकरण | रहेको वा निर्माण गरिने जग्गा आवदेकको आफ्नै नाममा भएको हुनुपर्ने,<br>• **दुधजन्यः** दैनिक रुपमा फर्म/ कम्पनीको हकमा कम्तीमा ५०० लिटर र समुह/सहकारी/ कृषि बजार समितिको हकमा २००० लिटर दुध संकलन गरिरहेको हुनुपर्ने।<br>• **मासुजन्यः** वार्षिक रुपमा निजि उद्यमी /कम्पनीको हकमा कम्तीमा २०० र समुह/सहकारीको हकमा ५०० खसी बोका संकलन तथा बिक्रि वितरण गर्ने गरेको<br>• वार्षिक रुपमा कम्तीमा २० मे.ट बङ्गुरको मासु बाजारीकरण गर्ने गरेको<br>• **माछाजन्यः** बार्षिक रुपमा कम्तीमा २० मे.ट माछाको कारोबार गरेको हनुपर्ने<br>• बजारिकरणका लागि प्रशोधन तथा विविधिकरण कार्य गरिरहेकालाई प्राथमिकता दिइनेछ। | | सहकारी/ कृषि बजार समिति | औजार तथा उपकरण खरिदमा ५० प्रतिशतमा नबढ्ने गरी प्रति आयोजना/ अनुदानग्राही कृषक समूह/कृषि सहकारी/कृषि बजार समितिको हकमा अधिकतम रु. पाच लाख साठी हजार र फर्म/कम्पनीको हकमा अधिकतम रु. चार लाख अनुदान सहयोग। |

नोटः लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषदको ) मिति २०८२/०६/२५ को निर्णय अनुसार ८० प्रतिशतलाई अन्तिम बजेट मानी कार्यक्रम कार्यान्वयन गरिनेछ।

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन (अनुसूची-२३ बमोजिम) ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी/संघ संस्था)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२५ बमोजिम)।
५. गौशालामा राखिएका गाई/ गोरुको संख्या खुल्ने स्थानीय तह द्धारा प्रमाणित बिवरण।
६. सूचना/कार्यविधिमा उल्लेख भए अनुसार स्थानिय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची-३१ को संलग्न ढाँचा बमोजिम)
८. नाफा मुलक निजी संघ संस्थाको हकमा सम्बन्धित स्थानीय तहको लागत साझेदारीको सुनिश्चिताको पत्र।
९. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान।
११. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल, रुपन्देही

नि.महानिर्देशक